# धरान उपमहानगरपालिकाको

# वार्षिक नीति तथा कार्यक्रम, २०७९

## आ.व. २०७९/०८०

धरान उपमहानगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

धरान, सुनसरी

प्रदेश नं. १

**आदरणीय नगर सभा अध्यक्षज्यू, प्रदेश सभाका माननीय सभामुखज्यू, प्रदेश सभाका सदस्यज्यूहरु**
**कार्यपालिका सदस्यज्यूहरु,**
**नगर सभा सदस्यज्यूहरु,**

२०७९ साल वैशाखमा सम्पन्न भएको स्थानीय तह निर्वाचनबाट निर्वाचित यो गरिमामय सभामा धरान उपमहानगरपालिकाको आर्थिक वर्ष २०७९/८० को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफुलाई गौरवान्वित महशुस गरेको छु। हालै सम्पन्न स्थानीय तह निर्वाचन अन्तर्गत यस उपमहानगरपालिकामा हामी सबैलाई आफ्नो अमूल्य मत प्रदान गरी विजयी गराई यस सुन्दर नगरीको सेवा गर्ने अवसर प्रदान गर्नु हुने सम्पुर्ण नगरवासी आमा, बुवा, दाजुभाई तथा दिदी बहिनीहरुलाई हार्दिक आभार सहित हामी सबैको तर्फबाट धन्यवाद व्यक्त गर्दछु। यस अवसरमा नेपालको प्रजातान्त्रिक आन्दोलन, राजनीतिक अग्रगमन र लोकतन्त्रको सवलीकरणको क्रममा भएका ऐतिहासिक आन्दोलनहरु एवं जनयुद्धमा आफ्नो जिवन उत्सर्ग गर्नु हुने सम्पूर्ण सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ महामारीले तपाई हामीलाई त्रसित तुल्याएको सबैमा विदितै छ। खोप लगायतका स्वास्थ्य मापदण्डहरुको प्रभावकारी परिपालनाद्वारा भर्खरै जनजिवन सामान्य तर्फ उन्मुख हुँदै गएको सन्दर्भमा हामीले हाम्रो अर्थतन्त्रलाई पुनर्उत्थानशिल क्रियाकलापमार्फत अगाडी बढाउदै तिब्र र दिगो आर्थिक विकास गरी **समृद्ध नेपाल सुखी नेपालीको** मुल लक्ष्य हासील गर्नु परेको छ।

**सुन्दर, समुन्नत र समृद्ध धरान** नगरी निर्माण गर्ने हाम्रो संकल्प, समस्त धरानवासीको चाहाना र हामीले भर्खरै सम्पन्न निर्वाचनमा मत माग्ने क्रममा हाम्रा मतदाताहरु प्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरु पुरा गर्ने दिशामा हामीले आगामी आ. व. २०७९/८० को नीति तथा कार्यक्रमलाई केन्द्रित गरेका छौ। दीगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण, गुणस्तरीय पूर्वाधार निर्माण, धरान नगरीको खानेपानी समस्याको अल्पकालिन एवं दीर्घकालिन समाधान, धरानलाई शिक्षा, स्वास्थ्य, रोजगारी, सेवासुविधा र खेलकुदको उत्कृष्ट गन्तव्यको रुपमा स्थापित गर्ने, सुकुम्वासीहरुको वैज्ञानिक व्यवस्थापन गर्ने, स्वच्छ, सफा र सुन्दर धरान नगरको पहिचान कायम राख्ने र योजनावद्ध शहरीकरणको विस्तार यस नीति तथा कार्यक्रमको प्रमुख प्राथमिकता रहेको छ।

यस उपमहानगरपालिकाको विकास निर्माणको कार्यहरुलाई गुणस्तरीय बनाउन नगर भित्रका आम उपभोक्ताहरु, टोल विकास संस्था, सर्वसाधारण जनता, उद्योगी व्यवसायीहरु लगायत सामाजिक संघसंस्थाहरुको निरन्तर सहयोग रहदै आएको छ। विकास र सुशासनको लागि जनप्रतिनिधिहरुले स्पष्ट दृष्टिकोण सहित अगुवाई गर्ने हो भने प्रशासनीक संयन्त्रले त्यसलाई प्राविधिक तथा कानुनी ढाँचा भित्र आवद्ध गराउने हो। त्यसै गरी आम नागरिकहरुले साथ, सहयोग र सुझाव दिने हो। जनसहभागीता एवं जनपरिचालनको क्षेत्रमा धरानले कायम गरेको इतिहासलाई अक्षुण्ण राख्दै शासकीय प्रबन्धमा जवाफदेहिता, पारदर्शिता, मितव्ययिता, गुणस्तरीयता एवं स्वच्छतायुक्त जनसहभागीता सुनिश्चित गरिने छ।

उपमहानगरपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण (O & M) लाई अद्यावधिक रुपमा अध्ययन गरी छरितो एवं चुस्त संगठन संरचना मार्फत प्रशासनीक तथा चालु खर्चलाई मितव्ययीता कायम गर्दै सेवा प्रवाह प्रभावकारी तथा विकेन्द्रित तुल्याउदै पूँजीगत खर्च बढाउने नीति लिइएको छ। संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान एवं वित्तिय हस्तान्तरणको अत्युत्तम परिचालन एवं उपयोग गर्दै वित्तिय आत्मनिर्भरता कायम गर्न प्रयत्न गरिने छ।

सभाध्यक्ष महोदय,

अब म आ. व. २०७९/८० को विभिन्न विषयगत एवं क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न गइरहेको छु।

## १. सामजिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

### क. शिक्षा

१. नगर शिक्षा नियमावली, नगर शिक्षा नीति, वहुभाषा शिक्षा निर्देशिका जस्ता कानुनी तथा नीतिगत व्यवस्था गरी सो मार्फत शिक्षा क्षेत्रको गुणस्तरीय नियमन एवं प्रवर्द्धन गरिनेछ।

२. धरान उपमहानगरपालिकाको स्थानीय शिक्षा पाठ्यक्रम लागु गरिनेछ। त्यस्तो पाठ्यक्रममा अतिरिक्त क्रियाकलाप र विविध समुदायका जातिय तथा सांस्कृतिक पहिचानहरुको बोध गराउन अवलोकन भ्रमण पद्धतिबाट अभ्यास कक्षा र प्रयोगात्मक शिक्षा दिन जोड दिइनेछ। साथै ट्राफिक नियमलाई पाठ्यक्रममा समावेश गरिनेछ।

३. विद्यालय बाहिर रहेका र बिचैमा विद्यालय छाड्ने दलित तथा अन्य सबै समुदायका बालबालिकाहरुलाई विद्यालय शिक्षा पुरा गर्न प्रोत्साहनका लागि विशेष प्याकेज सञ्चालन गरिनेछ।

४. विद्यालयहरुको भौतिक पूर्वाधार, स्वास्थ्य तथा सरसफाईको सुविधा र आधारभुत खानेपानी सुविधा विस्तार गर्दै शिक्षकहरुको व्यवसायिक क्षमता विकासको लागि लगानी गरिनेछ।

५. संस्थागत विद्यालयहरुको विभिन्न सूचकहरुको आधारमा वर्गीकरण गरी वैज्ञानिक ढंगले शुल्क निर्धारण गरी लागु गरिनेछ।

६. अंग्रेजी माध्यमबाट शिक्षा दिन इच्छुक नयाँ सामुदायिक विद्यालयहरुलाई पूर्वाधार तथा शिक्षक दरबन्दी लगायतका कार्यमा प्रोत्साहन दिई सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर प्रवर्द्धन गरिनेछ।

७. विषयगत शीक्षकहरुको अभिलेख व्यवस्थापन गरी नगरको शैक्षिक विकासमा उनीहरुको अनुभवलाई उपयोग गरिनेछ।

८. संस्थागत विद्यालयमा कार्यरत शिक्षकहरुलाई श्रम ऐनले तोके बमोजिम न्यूनतम पारिश्रमिक उपलब्ध गराउने नीति कार्यान्वयन गरिने छ।

९. सामुदायिक विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपातमा विषयगत दरबन्दी मिलान एवं शिक्षक सरुवालाई व्यवस्थापन गरिनेछ।

१०. "**उत्कृष्ट शैक्षिक गन्तव्य, धरान हाम्रो पहिचान**" भन्ने लक्ष्य प्राप्तिकालागि सरकारी तथा निजी क्षेत्रका शैक्षिक संस्थाहरुबाट प्रदान गर्ने उच्च शिक्षालाई थप गुणस्तरीय, सुदृढ र सर्वसुलभ तुल्याउन त्यस्ता प्राज्ञिक संस्थाहरुसँग सहकार्य र साझेदारी गरिनेछ।

११. विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण गर्दा बालमैत्री तथा अपाङ्गतामैत्री संरचना निर्माणको नीतिलाई निरन्तरता दिईएको छ।

१२. सबै विद्यालयहरुमा पुस्तकालय, विज्ञान र कम्प्युटर प्रयोगशाला स्थापनाको नीति लिइनेछ।

१३. शिक्षक तथा विद्यालय कर्मचारीहरुको पारिश्रमिक मासिक रुपमा सोझै सम्बन्धित व्यक्तिको खातामा जम्मा हुने प्रणाली लागु गरिने छ।

१४. शैक्षिक तथ्याङ्कलाई सुदृढ तथा प्रभावकारी तुल्याउन सबै सामुदायिक तथा संस्थागत विद्यालयहरुमा EMIS प्रणाली निरन्तरता दिइनेछ।

१५. नगर क्षेत्र भित्रका गुरुकुल, मदरसा र गुम्बा जस्ता शिक्षालयहरुको स्तर उन्नती गर्दै लगिनेछ।

१६. "**नगर प्रमुख सहायता कोष**" निर्माण गरी अति विपन्न बालबालिकालाई निः शुल्क शैक्षिक सामाग्री, पोसाक तथा छात्रवृत्तिको व्यवस्था गरी सिपमुलक शिक्षा दिइनेछ।

१७. संस्थागत विद्यालयहरुले शिक्षा क्षेत्रमा पुर्याएको योगदानलाई उच्च कदर गर्दै नगरको शैक्षिक उन्नयन र विकासमा निजि विद्यालयहरुको पृष्ठपोषठ र प्राज्ञिकताको परिचालन गर्ने नीति लिइनेछ।

१८. धरान-१३ स्थित सत्यसाई स्कुलसँग भएको सम्झौता अनुसार Science Park को निर्माण कार्यलाई अगाडी बढाइनेछ।

## ख. संस्कृति सम्बन्धि नीति तथा कार्यक्रम

१. धरान नगरलाई खुल्ला वहुसांस्कृतिक, वहुजातिय वहुभाषिक संग्रहालयको रुपमा विकास गर्न पूर्वाधार निर्माण गर्दा वहुसांस्कृतिक पहिचान र मौलिकता झल्किने वास्तुकला, मूर्तिकला, चित्रकला जस्ता प्रतिक (symbol) हरु निर्माण गरिनेछ। बहुसांस्कृतिक बहुजातिय पार्क निर्माण गरिनेछ।

२. नगर भित्र बोलिने विभिन्न जातजातीका मातृ भाषाहरुको खोज एवं संरक्षण गर्दै त्यस्ता भाषाको लिपी तथा व्याकरण लेखन तथा प्रकाशन गर्ने नीति लिइनेछ।

३. नगर भित्र आयोजना हुने महोत्सवहरुमा विविध जातीय भेषभुषा, कला साहित्य, संगीत लगायतको झाँकी सहित प्रदर्शन गर्ने नीति लिइनेछ।

## ग. युवा तथा खेलकुद सम्बन्धि नीति तथा कार्यक्रम

१. खेलकुदको राजधानीको रुपमा धरान शहरलाई विकास गर्न विभिन्न खेलहरुका लागि खेलकुद मैदान लगायत खेलकुद सम्बन्धि पूर्वाधार निर्माण गरिनेछ।

२. विषयगत खेल पुरस्कार राशीहरु स्थापना गर्दै जाने नीति लिइनेछ।

३. विभिन्न किसिमका दुर्व्यसनमा परेका युवाहरुलाई निरोधात्मक, प्रवर्द्धनात्मक र उपचारात्मक कार्यक्रमहरु मार्फत दुर्व्यसन मुक्त गराई समाजमा पुनर्स्थापनाको प्रबन्ध मिलाइनेछ।

४. वैदेशिक रोजगारबाट फर्केका युवाहरुले आर्जन गरेको ज्ञान र सिप सदुपयोग गर्दै स्वरोजगार र उद्यमशीलता विकासका लागि प्रोत्साहनमुखी कार्यक्रम संचालन गरिनेछ।

५. युवा उद्यमशिलता विकासका कार्यक्रमहरु मार्फत युवालाई "**विदेश हैन बिजनेस**" भन्ने भावना जागृत तुल्याई स्वरोजगार उन्मुख गराइनेछ।

६. युवा बेरोजगारी न्यूनिकरणका लागि सरकारी, गैरसरकारी, सहकारी तथा निजी क्षेत्रको समन्वय र सहकार्यमा सीप तथा उद्यमशील क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ।

७. "**एक वार्ड, एक व्यायामशाला**" को नीति लिई युवाहरुलाई प्रशिक्षणको व्यवस्था मिलाइनेछ।

८. विपन्न, गरीब र सुकुम्वासी परिवारका युवाहरुलाई इलेक्ट्रोनिक्स सामाग्री मर्मत, प्लम्बिङ्ग, कार्पेन्ट्री, वेल्डिङ्ग र मेकानिक तथा इलेक्ट्रिसियन, ब्युटि पार्लर, होटल म्यानेजमेन्ट, पशु पालन तथा तरकारी खेती जस्ता तालिमहरु प्रदान गरी गरीबी न्यूनिकरण र जिवीको पार्जनमा सहजीकरण गरिनेछ।

९. बुढासुब्बा गोल्डकप, गोधुली फुटबल कप, धरान रन र मनमोहन स्मृति कप जस्ता धरानका गौरवका रुपमा रहेका प्रतियोगिताहरुमा सहकार्य र साझेदारी गरिनेछ।

## घ. साहित्य एवं कला सम्बन्धि नीति तथा कार्यक्रम

१. साहित्य क्षेत्रको विकासका लागि विविध प्रतियोगितात्मक कार्यक्रमहरु आयोजना गरिनेछ।
२. सांगीतिक क्षेत्रका प्रतियोगितात्मक कार्यक्रमहरु आयोजना गर्दै कलाकारहरुलाई राष्ट्रिय प्रतियोगितामा भाग लिन जाँदा यात्रा र खान बस्नको प्रबन्धका लागि आर्थिक सहयोगको प्रबन्ध मिलाइनेछ।
३. संगीतालय, नृत्य घर र स्टुडियो जस्ता संस्थालाई प्रवर्द्धनका लागि आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ।

**ङ. लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम**

१. लैङ्गिग तथा पारिवारिक हिंसा पिडित महिला, बालबालिका र ज्येष्ठ नागरिकहरुको उद्धार तथा पुनर्स्थापना गर्न बहुआयामिक पुनर्स्थापना केन्द्र स्थापना गरिनेछ।
२. लैङ्गिक विभेद अन्त्य गर्दै लैङ्गिक समानता र सामाजिक समावेशिकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ।
३. महिला, बालबालिका, अल्पसंख्यक, भूमिहिन, अति विपन्न, आदिवासी जनजाती, दलित र सामाजिक बहिष्करणमा परेका वर्गको लागि उत्थानशिल कार्यक्रमहरु संचालन गरिनेछ।
४. ऐतिहासिक कालदेखि दलित तथा शील्पी समुदायले, जिवन निर्वाहको रुपमा अपनाई आएका परम्परागत पेशालाई आधुनिकिकरण गर्दै व्यवसायीक तथा उद्यमको रुपमा विकास गर्न पुँजी लगानीमा सहयोग गरिनेछ।
५. नगर विकासका कार्यक्रमहरुमा टोल विकास संस्थाहरुलाई प्रभावकारी रुपमा परिचालन र सहभागी गराइनेछ।
६. धरान नगरलाई सडक मानव मुक्त नगर बनाइनेछ।
७. **हिंसा मुक्त धरान हाम्रो पहिचान"** अभियान संचालन गरी सबै प्रकारका हिंसा विरुद्ध शुन्य सहनशिलता नीति लिइनेछ। पारिवारिक हिंसा पिडितको संरक्षणका कार्यक्रम संचालन गरिनेछ।
८. ज्येष्ठ नागरिक परिचयपत्र वडास्तरबाट नै उपलब्ध गराउने व्यवस्थाको निरन्तरता दिइनेछ।
९. उपमहानगरपालिकाको बजेट तथा कार्यक्रमहरुको Gender Auditing गर्ने व्यवस्था मिलाइनेछ।
१०. अपाङ्गता पुनर्स्थापनाको लागि पुनर्स्थापना गृह स्थापना गरिनेछ।
११. महिला उद्यमसीलता विकासका लागि महिलाद्वारा प्रवर्द्धित व्यवसायमा निश्चित प्रतिशत कर छुटको व्यवस्था गरिनेछ।
१२. हिंसा पिडित महिला तथा बालबालिकाको लागि एकद्वार संकट व्यवस्थापन केन्द्र स्थापना गरिनेछ।
१०. गर्भवती महिलाहरुको लागि आमा सुरक्षा कार्यक्रम र नवजात शिशुको लागि पोषण कार्यक्रम संचालन गरिनेछ।

**च. बालबालिका सम्बन्धी नीति तथा कार्यक्रम**

१. नगर तथा वडास्तरीय बाल क्लब तथा बाल संजालहरुलाई प्रभावकारी रुपमा परिचालन गरिनेछ।
२. नगरका बालमैत्री घोषणा हुन बाँकी सबै वडाहरुलाई बाल मैत्री घोषणा गरी सक्ने र यस अघि बालमैत्री घोषणा भई सकेका वडाहरुको समेत थप भएका सूचकहरु पूरा गरी आ. व. २०७९/८० भित्र बालमैत्री नगर घोषणा गरिनेछ।

३. **"एक वडा एक बाल उद्यान"** निर्माण अभियानलाई निरन्तरता दिइनेछ।

४. बालविकास केन्द्रहरुको भौतिक पूर्वाधार स्तरोन्नति गरिनेछ।

**छ. स्वास्थ्य सम्बन्धी नीति तथा कार्यक्रम**

१. वि. पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई धरानको गौरवका रुपमा लिई सर्वाङ्गिण पक्षमा प्रतिष्ठानसँग समन्वय गरी प्रतिष्ठानलाई पुर्ण रुपमा सञ्चालन हुने वातावरण तयार गर्न सहयोग गरिनेछ। नगरवासीको स्वास्थ्य उपचारमा प्रतिष्ठानसँग समन्वय र साझेदारी कायम गरिनेछ।

२. धरान नगरवासीहरुलाई मृगौला, मुटु, उच्च रक्तचाप, मधुमेह जस्ता रोगको वि. पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा निःशुल्क जाँच र उपचारको प्रबन्ध मिलाइने छ।

३. सामुदायिक विद्यालयहरुमा विद्यार्थीहरुको नियमित स्वास्थ्य परिक्षण गर्ने व्यवस्था मिलाइनेछ।

४. बर्थिङ्ग सेन्टर र स्वास्थ्य क्लिनिकहरुको सेवालाई स्तरोन्नति गरिनेछ। प्रयोगशाला सहितको सेवा उपलब्ध गराउने कार्यक्रम संचालन गरिनेछ।

५. मानव जीवन र स्वास्थ्यका लागि महत्वपूर्ण रगतको सहज उपलब्धताको लागि नेपाल रेडक्रस सोसाइटीसँग सहकार्य गरी रक्त सञ्चार सेवालाई सहज तुल्याइनेछ।

६. आर्थिक रुपमा अति विपन्न नगरवासीहरुको स्वास्थ्य जाँच र उपचारका लागि अस्पताल ल्याउन-लैजान एम्बुलेन्स सेवाको प्रबन्ध गरिनेछ।

७. नगर भित्र हुने परम्परागत औषधीजन्य वनस्पतिको संरक्षण, खेती प्रवर्द्धन र प्रशोधनका कार्यहरु संचालन गरिनेछ।

८. महिला स्वयंसेविकाहरुको दक्षता विकास तालिम उपलब्ध गराई उनीहरुको सेवालाई प्रभावकारी तुल्याइनेछ।

९. स्वास्थ्य संस्थाहरुको प्रभावकारी सेवा विस्तारका लागि सार्वजनिक संस्था निजी क्षेत्र र गैरसरकारी संस्थाहरुसँग सहकार्यको नीतिलाई निरन्तरता दिइनेछ।

१०. स्वास्थ क्लिनिकहरुले प्रदान गर्ने आधारभुत सेवाहरुको शुल्कलाई नियमन गरिनेछ।

११. **"स्वास्थ्य नगरवासीका लागि नगर प्रमुखबाट निः शुल्क बीमा"** कार्यक्रम अन्तर्गत हाललाई वार्ड नं. ४ र २० का सम्पूर्ण जनसमुदायहरुलाई निःशुल्क स्वास्थ्य बीमा गरिनेछ।

१२. स्वास्थ्य चौकीहरुमा ल्याबसेवा सञ्चालनका लागि विशेष व्यवस्था गरिनेछ।

१३. हाल जिल्ला स्वास्थ्य कार्यालयबाट मात्र उपलब्ध हुने गरेको रेबिजको भ्याक्सिन नगरपालिका अन्तर्गत रहेका स्वास्थ्य संस्थाबाट दिने व्यवस्थाका लागि आवश्यक पहल गरिनेछ।

## २. आर्थिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

**क. उद्योग तथा पर्यटन सम्बन्धी नीति तथा कार्यक्रम**

१. लगानीमैत्री नीति तथा औधोगिक पूर्वाधार सुदृढिकरण गर्दै उद्योग तथा पर्यटन विकासको नीति लिइनेछ।

२. वैदेशिक रोजगारबाट प्राप्त रेमिटेन्सको व्यवसायिक तथा उत्पादनमुलक क्षेत्रमा लगानी गर्ने वातावरण निर्माण गर्ने विशेष पहल गरिनेछ।

३. उद्योग व्यवसाय दर्ता, नविकरण, स्थानान्तरण तथा नामसारी जस्ता प्रशासनीक प्रकृयालाई प्रविधीमैत्री बनाउदै सरलीकरण गरिनेछ।

४. सम्पूर्ण स्वदेशी कच्चा पदार्थ प्रयोग गरी उत्पादन गर्ने साना तथा मझौला उद्योगहरुलाई उत्पादन स्थलसम्म सडक पूर्वाधार तथा विद्युतिकरणको पहुँच पुराइनेछ।

५. औधोगिक तथा व्यवसायिक विकासका लागि सुनसरी उद्योग वाणिज्य संघ सँग साझेदारीको नीति लिइनेछ।

६. औधोगिक प्रदर्शनी स्थलको सम्भाव्यता अध्ययन गरी निर्माण कार्य अगाडी बढाइनेछ।

७. वडा नं. ६ पानवारीमा प्रारम्भ भएको औधोगिकग्राम पूर्वाधार निर्माण कार्य सार्वजनिक निजी साझेदारी नमुना अनुसार अघि बढाइनेछ। सोको व्यवस्थापनमा समेत PPP model अवलम्बन गरिनेछ।

८. धराने जनताको मागलाई मध्यनजर गर्दै सबै प्रकारका सुरक्षा सुनिश्चितता गरी सुनसरी उद्योग वाणिज्य संघको सहकार्यमा रात्रीकालिन बजारको सुरुवात गरिनेछ।

९. पर्यटन मार्फत आर्थिक समृद्धि हासिल गर्न धरान नगरको पर्यटन गुरुयोजना तर्जुमा गरी सोही आधारमा पर्यटन पूर्वाधार विस्तार र पर्यटन विकास कार्यक्रमहरु संचालन गरिनेछ।

१०. नगर भित्रका पर्यटकीय स्थलहरु जोड्न Tourist Road Network (पर्यटकीय सडक संजाल) कार्यान्वयन प्रारम्भ गरिनेछ।

११. विगतदेखि धरानमा नेपाल पर्यटन बोर्डको सहलगानीमा आयोजना भइरहेको East Tourism Mart लाई धरानको ब्राण्ड क्रियाकलापको रुपमा लिई हरेक वर्ष संचालन गरिनेछ।

१२. विभिन्न जातजातीका परम्परागत पर्व, संस्कार र संस्कृतिहरुको प्रवर्द्धन गरिनेछ।

१३. नगर भित्र कृषि उत्पादन प्रशोधन उद्योग स्थापना गरी संचालनमा ल्याइनेछ।

१४. विभिन्न जातजातिहरुको ऐतिहासिक, सांस्कृतिक, धार्मिक पहिचान अवगत गराउन पर्यटकहरुलाई बस्नका लागि होमस्टे (पाहुनाको रुपमा राख्ने घर) छनौट गरिनेछ। त्यस्ता छनौट भएका घरहरुलाई शान्त र रमणीय वातावरणमा पर्यटक राख्ने व्यवस्था मिलाउन सहयोग गरिनेछ।

१५. शहरका मुख्य चोक र नगरका प्रवेशद्वारहरुमा पर्यटकीय क्षेत्रको परिचय दिई पर्यटक आकर्षण गर्न डिजिडल डिस्प्ले बोर्डहरु राखिनेछ।

१६. राष्ट्रिय पहिचान स्थापित गरेको धराने कालो बङ्गुरको विशुद्ध प्रजातीको व्यवसायीकरण एवं व्यवसायीक बङ्गुर पालन साथै तीनपाने रक्सीको प्रबर्द्धन मार्फत गरिबी न्यूनिकरण र विपन्न नागरिकहरुको जिविकोपार्जनमा सुधार ल्याइनेछ।

१७. अन्तर नगर सम्बन्ध प्रवर्द्धन गर्दै अन्य स्थानीय तहहरुका असल अभ्यासलाई अनुसरण गरी पर्यटन प्रवर्द्धन गर्न थप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नगरहरुसँग भगिनी सम्बन्ध विस्तार गरिनेछ।

१८. नगर भित्रका पर्यटकीय स्थलहरुको प्रचार प्रसारका लागि Documentary प्रसारण र Brochure हरुको वितरण गरिनेछ।

१९. धरान भ्रमण गर्न आउने पर्यटकहरुलाई स्थानीय उत्पादनका रुपमा रहेका रैथाने बालीहरुबाट बन्ने परिकारहरु ब्राण्डको रुपमा खाना उपलब्ध गराइनेछ।

**ख. कृषि तथा पशुपंक्षि सम्बन्धि नीति तथा कार्यक्रम**

१. उच्च मुल्यका फलफुल, तरकारी तथा अन्नबालीहरुको पकेट क्षेत्रहरु पहिचान गरी सघन कृषि क्षेत्र निर्धारण गरी ती स्थानहरुमा विशेष कार्यक्रम संचालन गरिनेछ।
२. रैथाने बालीहरुको विउ संरक्षण खेती विस्तार र बजारीकरणको लागि विशेष प्रबन्ध मिलाइनेछ।
३. स्थानीय कृषि उत्पादनलाई प्रबर्द्धन गर्ने उद्देश्यले धरान १४ नं. वडाबाट सुरु गरीएको दुग्धजन्य परिकारको ब्राण्डिङ गरिनेछ।
४. कृषि उपजको आयात प्रतिस्थापनको नीति लिई कृषि तथा पशुपालनलाई आधुनिक प्रविधीमा आधारित तुल्याउदै व्यवसायीकरण गरिनेछ।
५. नगर भित्रका कृषकहरुको वर्गिकृत एवं विस्तृत तथ्याङ्क आधार निर्माण गरिनेछ।
६. उत्पादन लागत, थोक तथा खुद्रा मुल्य विश्लेशण गर्दै विचौलियाबाट उत्पादक माथि हुने ठगी तथा शोसण नियन्त्रणका लागि मुख्य कृषि उपजको नगर भित्र समर्थनमुल्य निर्धारण गरिनेछ।
७. नगर भित्र वडा नं. ४, ५, ६ र २० लाई सघन कृषि क्षेत्र घोषित गरे अनुरुप ती वडाहरुमा सिंचाई, कृषि सडक, विद्युतिकरण, कृषि बजार, सित भण्डार तथा गोदाम घरहरुको पूर्वाधार निर्माण गरिनेछ।
८. मासु पसल तथा बधशालाहरुको पूर्वाधार स्तरोन्नती गरी स्वास्थ्य मापदण्डमा आधारित तुल्याइनेछ।
९. कृषि उपजको बजारीकरणमा विचौलिया हटाइ कृषक, व्यवस्थापक र ग्राहक सहितको संयन्त्र स्थापना गरी महंगी नियन्त्रणका लागि विशेष प्रयत्न गरिनेछ।
१०. स्थानीय उत्पादनको प्रवर्द्धन र बजारीकरणको लागि संयन्त्र तयार गरिनेछ।
११. अर्गानिक खेतीको विस्तार र तरकारी तथा खाद्यान्नमा विषादीको उचित व्यवस्थापन गर्न विशेष व्यवस्था गरिनेछ।

**ग. सहकारी सम्बन्धी नीति तथा कार्यक्रम**

१. सहकारी संस्थाहरुको संस्थागत सुशासन प्रवर्द्धन गर्दै निच्छेपकर्तारुको हित संरक्षणका लागि अनुगमन समिति निर्माण गरी अनुगमनलाई प्रभावकारी तुल्याइनेछ।
२. उत्पादनमूलक सहकारीहरुको स्थापना गरिएमा विँउपूजी लगानीको रुपमा सहयोग उपलब्ध गराइने र वार्षिक उत्पादनका अनुदान दिने नीति लिइनेछ।
३. नगर भित्र स्थापना हुने कृषि समुह निजी फर्म र सहकारीहरुको दर्ता तथा कार्य क्षेत्र अनुमति जस्ता विषयहरुलाई व्यवस्थित ढंगले अघि बढाइनेछ।
४. सहकारीहरुको माध्यमबाट उत्पादनशिल क्रियाकलापमा संलग्न नागरिकहरुको पूँजि संकलन तथा परिचालन गरी साना तथा स्वरोजगारीका अवसर श्रृजना गरी गरिबी न्यूनिकरण गर्ने योजनालाई निरन्तरता दिइनेछ।

**३. सूचना तथा संचार सम्बन्धि नीति तथा कार्यक्रम**

१. पत्राकार महासंघ सुनसरीको सहकार्यमा स्थानीय सञ्चार गृहहरुको सुदृढिकरण गर्दै संचार संस्था र नगरपालिकाको सहकार्यमा जनहितकारी सूचनाहरु सम्प्रेषण गर्ने, नगरका निर्णय तथा सूचनाहरुमा सञ्चार संस्थाहरुको पहुच बढाई खुल्ला सरकारको नीति लिइनेछ।
२. नेपाल टेलिभिजनको सहकार्यमा सञ्चालित "हाम्रो धरान" टेलिभिजन प्रसारण कार्यक्रमलाई निरन्तरता दिइनेछ। साथै स्थानीय टेलिभिजनहरुसँग समेत सहकार्य गरिनेछ।

३. नगर क्षेत्र भित्रबाट प्रकाशित हुने स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका, अनलाईन पत्रिकाहरुको व्यवसाय प्रवर्द्धन कार्यक्रमहरु संचालन गरिनेछ।
४. विज्ञापन तथा सूचनामा स्थानीय संचार संस्थाहरुलाई विशेष प्राथमिकता दिइनेछ।
५. नागरिकहरुको सूचनाको हकको सम्मान गर्दै नगरपालिकालाई सूचनामैत्री तुल्याइनेछ।

## ४. न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन सम्बन्धि नीति तथा कार्यक्रम

१. नगर न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरुको शीघ्र निरुपण गरी प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानुनहरुको प्रबन्ध मिलाइनेछ।
२. न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको विषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ।
३. नगर सभाबाट हालसम्म निर्माण भएका ऐन कानूनहरुलाई संग्रहित गरी स्थानीय कानून संग्रह प्रकाशन गरिनेछ।
४. मानव अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनका लागि आवश्यक नीति तथा कानून तर्जुमा गरी प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ।
५. महिला, बालबालिका र ज्येष्ठ नागरिक हिंसासँग सम्बन्धित मुद्दाको शिघ्र सुनुवाइ गर्न द्रुत इजालास संचालन गरिनेछ।

## ५. सुशासन, सार्वजनिक सेवा तथा क्षमता विकास सम्बन्धी नीति तथा कार्यक्रम

१. सम्पूर्ण नागरिकहरुको पेशा व्यवसाय, सामाजिक आर्थिक अवस्था, रोजगारीको अवस्था सहितका विवरणहरु समाविस्ट गरी नगर पार्श्व चित्र (Digital City Profile) तयार गरिनेछ।
२. नगर भित्रका नागरिकहरुको गुनासो तथा सेवा सम्बन्धि जिज्ञासा सुन्ने र सो को सम्बोधन अनलाईन प्रणाली कै माध्यमबाट गर्ने गरी Citizen Grievances Response App तयार गरी लागु गरिनेछ।
३. आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकी बक्यौता, पेश्की, बेरुजु लगत विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवम् फछ्यौंट गर्ने कार्य अगाडी बढाईनेछ ।
४. प्रत्येक महिनाको आय/व्ययको मास्केवारी नगर कार्यपालिका तथा वडा कार्यालयको सूचनापाटि तथा वेवसाइटमा प्रकाशित गरिनेछ ।
५. उपमहानगरको योजना तथा कार्यक्रमहरुको व्यवस्थापन उपमहानगर कार्यालयको मानव संशाधन पर्याप्त नभएमा सम्बन्धित विषयका विज्ञहरुलाई सहजकर्ता वा विशेषज्ञको रुपमा प्रयोग गर्ने नीति अवलम्बन गरिनेछ ।
६. जनप्रतिनिधीहरु तथा कर्मचारीहरुको सीप तथा क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमण कार्यक्रमलाई परिणाममुखी बनाईनेछ ।
७. उपमहानगरबाट प्रवाह हुने सम्पूर्ण सेवा र विकास निर्माणमा हुनसक्ने भ्रष्टाचार, अपारदर्शिता तथा ढिलासुस्तीमा शून्य सहनशीलताको नीति अख्तियार गरिनेछ । र सो कार्यलाई प्रभावकारी बनाउन प्रत्येक वडा कार्यालयहरु र सार्वजनिक स्थानहरुमा नगरपालिकाको तर्फबाट सुझाव पेटिकाहरु राखिने छ ।

८. उपमहानगरबाट प्रवाह हुने योजना, लेखा, नक्सा, राजश्व लगायत सबै सेवाहरुमा सफ्टवेयर निर्माण गरी कागज विहीन प्रणाली बनाउन विद्युतीय प्रणालीलाई जोड दिईने छ ।

९. नगरको काम कारबाहीलाई व्यवस्थित, पारदर्शी तथा सम्पूर्ण नगरवासी समक्ष पुर्याउन **"हाम्रो धरान"** नामक मोबाइल एप्स निर्माण गरी बडापत्रहरु, सुचनाहरु र नगर प्रोफाईल आदिको जानकारी प्रदान गर्ने साथै फ्रि—वाईफाई जोन बनाउने नीतिलाई निरन्तरता दिईनेछ ।

१०. प्रशासन संयन्त्रको उत्प्रेरणाको प्रवर्धनका लागी संघ र प्रदेश सरकाले उपलब्ध गराउने सेवा र सुविधाको परिपुरकका रुपमा खाजा भत्ता, पर्यटन भ्रमण काज जस्ता अन्य सुविधा प्रदान गर्ने नीति लिइनेछ।

११. नगरको सुरक्षालाई चुस्तदुरुस्त एवम् प्रभावकारी बनाउन शहरका मुख्य चौकहरु, पर्यटकीय स्थल तथा सुरक्षा संवेदनशील क्षेत्रहरुमा सि. सि. क्यामेरा जडान गर्ने कार्यलाई पूर्णता दिईनेछ ।

१२. नगर प्रहरी र वारुण यन्त्रका कर्मचारीहरुको सेवाको वैज्ञानिक ढंगले O & M गरी दरबन्दी संरचना निर्धारण गरी स्थायी पदपूर्ति गर्ने नीति लिइनेछ।

१३. सडक फुटपाथमा हुने अव्यवस्थित पार्किङ्ग, निर्माण सामाग्री भण्डारण र फुटपाथको अनाधिकृत प्रयोगलाई निरुत्साहित गर्दै उचित व्यवस्थापन र नीजि क्षेत्रको सहकार्यमा उपयुक्त पार्किङ्ग स्थलहरु पहिचान गरी सञ्चालन गरिनेछ।

१४. आधारभुत वस्तु तथा सेवाको सहज आपूर्ति र गुणस्तर कायम गर्न नियमित रुपमा बजार अनुगमन गर्ने र यस्तो अनुगमनमा उपभोक्ताहरुलाई समेत संलग्न गराइनेछ।

१५. नगर भित्रका सार्वजनिक तथा सरकारी जग्गाहरुको मिहिन ढंगले खोज तथा अध्ययन गरी अभिलेख राखी त्यस्ता जग्गाहरुको संरक्षण गरिनेछ।

१६. नगर भित्र रहेका असंगठित क्षेत्रका मजदुरहरुको तथ्याङ्क संकलन तथा अभिलेख व्यवस्थापन गरी निजहरुको रोजगार तथा सेवाको सुरक्षा र निजहरुको हित प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ।

१७. विपन्न र न्यून आय भएका घर परिवार पहिचान गरी परिचयपत्र उपलब्ध गराई लक्षित कार्यक्रमहरु संचालन गरिनेछ।

१८. सार्वजनिक खर्चलाई वैज्ञानिक अनुमान योग्य र नतिजामुखि तुल्याउन मध्यकालिन खर्च संरचना (MTEF) पद्धति प्रयोगमा ल्याइने छ।

१९. संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहहरुसँग आपसी सहकार्य र समन्वयको लागि अन्तर समन्वय तथा सहकार्य नीति तर्जुमा गरिनेछ।

२०. नगर भित्र तीनै तहका सरकार मातहतका निकायबाट सम्पादित कार्यमा सहजीकरण एवं पृष्ठपोषठ नागरिक सुझाव समिति गठन गरिनेछ।

२१. धरान नगर क्षेत्रमा रहेका संघीय सरकार र प्रदेश सरकार अन्तर्गत रहेका कार्यालयहरु अन्यत्र स्थान्तरण नगर्न एवं हुन नदिन विशेष पहल एवं समन्वय गरिनेछ। अन्य थप कार्यालयहरुको सेवा धरान नगर मै विस्तार गर्न समन्वय गरिनेछ।

२२. सुशासन कायम गर्न आन्तरीक नियन्त्रण प्रणाली तयार गरी लागु गरिनेछ।

२३. सुशासन कायम गर्नकालागि सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण र सार्वजनिक परीक्षण जस्ता कार्यहरुलाई निरन्तरता दिइनेछ।

## ६. वन, वातावारण तथा विपद् व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रम

### क. खानेपानी तथा सरसफाई

१. धरानको जटिल समस्याको रुपमा रहेको खानेपानीको व्यवस्थापन गर्न अल्पकालिन र दिर्घकालिन समाधानका लागि सम्भाव्य वडाहरुमा Augmented Drinking Water System हरुको निर्माण गरी खानेपानीको उत्पादन तथा वितरण बढाइनेछ।

२. धरान खानेपानी व्यवस्थापन बोर्डसँगको सहकार्यमा खानेपानीका जिर्ण तथा पुराना पाइप, हाइड्रोइलेक्ट्रिकल लगायतका संरचनाहरु मर्मत सम्भार गरी पानी आपूर्तीमा अवरोध श्रृजना नहुने गरी व्यवस्था मिलाइनेछ।

३. सप्तकोशी नदीबाट नगरको खानेपानीलाई आपूर्ति गर्ने व्यवस्थाको लागि प्राविधीक सम्भाव्यता अध्ययन गरी संघ सरकार र प्रदेश सरकारको सहकार्यमा निर्माण कार्य अघि बढाइनेछ।

४. सर्दु, खर्दु खोला खानेपानी ड्याम निर्माण सम्भाव्यता अध्ययन गरी आयोजना निर्माण कार्य अगाडी बढाइनेछ।

५. जल पुनर्भरण योजना र वर्षातको पानी संकलन गर्ने प्रविधिलाई उपयोगमा ल्याउन प्रारम्भ गरिनेछ।

६. सुख्खा तथा खानेपानीको अभाव हुने समयमा वडा कार्यालयहरुसँग समन्वय गरी खानेपानी बोर्ड र नगरपालिकाको सहकार्यमा नजिकका चोकहरुमा Water Supply point हरु स्थापना गरी पानीको सहज आपूर्ती हुने व्यवस्था मिलाइनेछ।

७. "उपप्रमुख नगर सौन्दर्यकरण कार्यक्रम" संचालन गरी नगर भित्रका सडक किनारा र सार्वजनिक स्थानहरुलाई हरियाली र सुन्दर तथा सफा राख्ने कार्य गरिनेछ।

८. "नगर प्रमुख जलाधार संरक्षण कार्यक्रम" संचालन गरी धरान भित्र रहेका भुमिगत पानीका मुलहरु, जलाधार र सिमसार क्षेत्रहरुको संरक्षण एवं प्रवर्द्धन गर्दै ति श्रोतहरुबाट खानेपानी आपूर्तिको प्रबन्ध मिलाइनेछ।

९. टोल विकास संस्था र सामाजिक संघ संस्थाहरुसँग नगरको फोहोर संकलन तथा व्यवस्थापन कार्यमा सहकार्यको नीति लिइनेछ।

१०. अस्पतालजन्य फोहोरलाई व्यवस्थित तुल्याउन सम्बन्धित निकायहरुलाई पूर्ण रुपमा जिम्मेवार बनाइनेछ। जथाभावी फोहोर फाल्ने र फोहोर गर्ने व्यक्तिलाई जरिवाना तथा अन्य दण्ड सजाय गर्ने नीति लिइनेछ।

११. घर-घरमा पालिएका कुकुरहरुको दिशा पिसाबजन्य फोहोर सम्बन्धित कुकुर धनिले आफैं व्यवस्थापन गर्नु पर्ने छ। सार्वजनिक सडकमा ल्याई दिशा पिसाब गराएको पाइएमा कानून बमोजिम कार्वाही गर्ने नीति लिइनेछ।

१२. प्लाष्टिक जन्य फोहोर नियन्त्रण तथा न्यूनिकरण गर्न प्लाष्टिक झोलाहरुको प्रयोगलाई निरुत्साहित गरिने छ।

१३. नगरका मुख्य स्थानहरुमा समुदायको सहकार्यमा उपयुक्त जग्गाको खोजि गरी सार्वजनिक शौचालयहरु निर्माण तथा संचालनलाई अभियानका रुपमा अगाडी बढाइनेछ।

**ख. वातावरण तथा विपद् व्यवस्थापन**

१. पूर्वाधार आयोजनाहरुको कार्यान्वयन गर्दा त्यस्ता आयोजनाहरुले वातावरणमा पार्ने असर न्यूनिकरणको लागि प्रारम्भिक वातावरणिय परिक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन गरिनेछ।

२. ढुंगा गिट्टि बालुवा जस्ता नदीजन्य पदार्थ र अन्य प्राकृतिक श्रोतहरुको अनाधिकृत एवं अवैज्ञानिक दोहन गर्न दिइने छैन।

३. सार्वजनिक निजी साझेदारीमा निर्माण सम्पन्न भएको वडा नं. ६ स्थित फोहोर मैला प्रशोधन केन्द्रलाई व्यवसायिक रुपमा संचालन गर्न नीतिगत तथा कानूनी व्यवस्था गरी फोहोर मैला संकलन, व्यवस्थापन र उपयोगको नीति लिइने छ।

४. भुकम्पीय जोखिम न्यूनिकरणको लागि भुकम्प प्रतिरोधि भवन तथा संरचना निर्माण कार्यलाई प्राथमिकता दिइनेछ।

५. नगर विपद् जोखिम व्यवस्थापन कोषमा रकम अभिवृद्धि गर्दै प्रभावकारी श्रोत परिचालन गरिनेछ।

६. नगरको विपद् जोखिम नक्साङ्कन गरी सोही आधारमा विशिष्ट प्रकृतिका विपद् जोखिम प्रतिकार्य तथा पुनर्उत्थान कार्यक्रमहरु संचालन गरिनेछ।

७. सर्दु जलाधार क्षेत्रलाई “No Man’s Land” बनाइनेछ र सबै प्रकारका अतिक्रमणहरु रोकी त्यहा बनेका एवं बन्न लागेका भौतिक संरचनाहरु हटाइनेछ। नेपाल सरकारका नाममा आउन बाँकी जग्गा नेपाल सरकारमा ल्याइनेछ।

८. नगर क्षेत्रमा बढी रहेका बादरजन्य कृयाकलापहरु नियन्त्रण गर्न कार्यक्रमहरु संचालन गरिनेछ। पञ्चकन्या जंगल, धरान-१४ लाई Monkey zone लगायत अन्य वन्यजन्तु संरक्षण क्षेत्र बनाइनेछ।

९. वन तथा वातावरण संरक्षण गर्दै हरियाली अभिवृद्धि र वनजन्य उत्पादनको उपयोगमा नगरस्थित सामुदायिक वन उपभोक्ता समितिहरुसँग सहकार्य गरिनेछ।

**७. शहरी योजना तथा पूर्वाधार विकास नीति तथा कार्यक्रम**

१. पूर्वाधार निर्माणका आयोजनाहरु संचालन गर्दा लागत-लाभ विश्लेषणका आधारमा उच्च नतिजा एवं प्रतिफल दिने, समतामुलक विकासको आधारको रुपमा रहने, पिछडिएका र कम विकसित क्षेत्रलाई मूल प्रवाहिकरणमा ल्याउन सहयोग गर्ने आयोजनाहरु पहिचान गरी “नगर आयोजना बैंक” तयार गरिने छ। सो बैंकमा समाविष्ट आयोजनाहरुमा मात्र बजेट विनियोजन गर्ने नीति लिइनेछ।

२. निमार्णाधिन मदन भण्डारी लोकमार्गलाई केन्द्र मानि सो को वरपर सुरक्षित एवं आधुनिक शहर निर्माणका लागि Town Planning गरी कार्यान्वयनमा ल्याइनेछ।

३. धरान उपमहानगरपालिकामा समावेश भएका साविक विष्णुपादुका र पाँचकन्या गा. वि. स.का क्षेत्रहरुमा पक्की सडक पहुँच विस्तारका लागि विशेष कार्यक्रम संचालन गरिनेछ।

४. नगरको प्रथम पञ्चवर्षिय आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

५. नगर भित्रका सडक पूर्वाधार, ट्राफिकको वैज्ञानिक व्यवस्थापन र दिर्घकालिन लगानी मार्ग दर्शनका लागि नगर सडक गुरुयोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।
६. एकिकृत शहरी विकास योजनाद्वारा निर्दिस्ट गरेका पूर्वाधारहरुको निर्माण कार्यका लागि संघीय सरकार, प्रदेश सरकार र साझेदारहरुसँगको सहकार्यलाई निरन्तरता दिइनेछ।
७. नगरको विकासमा रुपान्तरणकारी परिवर्तन ल्याउन सक्ने केहि ठुला आयोजनाहरु पहिचान गरी नगर गौरव आयोजनाका रुपमा कार्यान्वयन गरिनेछ र त्यस्ता आयोजनामा श्रोतको अभाव हुन दिइने छैन।
८. एकिकृत शहरी विकास योजना तर्जुमा गरी अव्यवस्थित वसोवासलाई व्यवस्थित तुल्याउन एकिकृत वस्ती विकास आयोजना संचालन गरिनेछ। घर नम्बर वितरण कार्यलाई निरन्तरता दिइनेछ।
९. धरान चक्रपथ निर्माणको सम्भाव्यता अध्ययन गरी उक्त सडकका पूर्व-पश्चिम र उत्तर-दक्षिण लिङ्क रोडहरु निर्माण गर्ने अवधारणा कार्यान्वयन गरिनेछ।
१०. सर्दु एवं सेउती खोलामा निरन्तर रुपमा तटबन्ध निर्माण कार्य अघि बढाई करिडोर रोड अवधारणा अघि बढाइनेछ।
११. धरानको गहनाको रुपमा रहेको राष्ट्रिय सभागृहलाई मर्मत तथा पुननिर्माण गरी सभा समारोहहरु सभागृहमा संचालन गर्न प्राथमिकता दिइनेछ।
१२. विगत देखिका निर्माणाधिन तथा अधुरा योजनाहरुलाई सम्पन्न गर्न क्रमागत रुपमा बजेट विनियोजन गरिनेछ।
१३. घर निर्माणमा जनताको अनुत्पादक खर्च नहोस् र पुँजी चलायमान होस् भन्ने उद्देश्यले घर निर्माण गर्नु पूर्व नगरवासीलाई घरको आवश्यकता, घरको लागत, मापदण्ड र उपयोग सम्बन्धमा निःशुल्क परामर्श दिईनेछ।
१४. नेपाल राष्ट्रिय भवन संहिता २०६०, वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धि मापदण्ड २०७२, राष्ट्रिय भू-उपयोग नीति, भवन तथा योजना मापदण्ड २०५६ लगायतका राष्ट्रिय प्रादेशिक इवं स्थानीय भूमि व्यवस्थापन तथा भवन नियमन सम्बन्धि ऐन, मापदण्ड तथा निर्देशिकाहरुलाई कडाईका साथ लागु गरी सुरक्षित एवं व्यवस्थित निर्माण गर्ने नीतिलाई निरन्तरता दिइनेछ।
१५. नगर क्षेत्र भित्र बन्ने संस्थागत सार्वजनिक तथा व्यापारिक भवनहरुमा पार्किङ्ग स्थलको व्यवस्था अनिवार्य गर्नु पर्ने नीति लिइनेछ। आवासीय भवनमा "एक घर-एक विरुवा" नीतिलाई निरन्तरता दिइनेछ।
१६. भवन निर्माण अनुमति प्रकृयालाई प्रविधीमा आधारित तुल्याई सहजिकरण गरिनेछ।
१७. नगर भित्र भु-उपयोग नीति लागु गर्दै जाने नीति लिइनेछ।
१८. धरान क्षेत्र भित्रका कोशी राजमार्ग र मदन भण्डारी राजमार्गको सिमाना (एलाइन्मेन्ट) सम्बन्धमा देखिएको अन्यौलतालाई हटाउन बाइपास रोडको निर्माण व्यवस्थापनको कार्य अगाडी बढाउन संघिय सरकारसँग सार्थक पहल तथा समन्वय गरिनेछ । शहरी सडकको मापदण्डलाई आवश्यकताको आधारमा कायम गरी लामो समयदेखीको सडक मापदण्डको समस्यालाई समन्वय गरी समाधान गरिनेछ।
१९. उपमहानगरपालिकाको स्वामित्वमा रहेको भौतिक संरचनाहरुको आवधिक रुपमा मर्मत सम्भार कार्य सम्पन्न गरिनेछ ।

२०. खाद्य गुणस्तर नियमनका लागि धरान केन्द्रिय क्याम्पस हात्तिसारसँग सहकार्यमा संचालन हुने गरी खाद्य प्रयोगशाला निर्माण गरिनेछ।

२१. "एक वडा-एक पार्क" निर्माण नीतिलाई निरन्तरता दिइनेछ।

२२. निर्माणाधिन धरान बसपार्कलाई समयमै सम्पन्न गरी आगामी आ.व. बाट प्रयोगमा ल्याइनेछ।

२३. धरान उपमहानगरपालिकाको सिमा क्षेत्र यकिन गरी नगर सिमानामा कलात्मक तथा धरानको ऐतिहासिक मौलिकता झल्किने गरी स्वागतद्वारहरुको निर्माण गरिनेछ।

२४. निर्माणाधिन बसपार्क तथा एकिकृत जग्गा विकास कार्यक्रमलाई स्रोत सुनिश्चितता गरी तोकिएकै समयमा पुरा गरिनेछ।

२५. पूर्वाधार विकासका ठुला आयोजनाहरुलाई बहुवर्षे योजनामा समावेश गरिनेछ।

## ८. राजस्व तथा आन्तरिक श्रोत परिचालन नीति तथा कार्यक्रम

१. धरान उपमहानगरको आन्तरिक राजस्व अभिवृद्धिका लागि करका नयाँ सम्भाव्य क्षेत्रहरु पहिचान गरिनेछ।

२. करको दर सम्भव भएसम्म न्यूनतम गर्दै करको दायरा विस्तार गर्ने नीति लिइनेछ।

३. वडा कार्यालयहरुसँग समन्वय गरी घर बहाल करमा रहेको चुहावट नियन्त्रण गर्न घरधनी र वहालमा रहनेहरुको अभिलेख अध्यावधिक राख्ने प्रणाली विकास गरिनेछ।

४. विगतदेखि लिज वा वहालमा लगाइएका उपमहानगरपालिकाको स्वामित्वमा रहेका संरचनाहरुको हाल प्रचलित बजार दर समेतलाई आधार मानी बहाल रकम पुनरावलोकन गरिनेछ। अन्य पार्क तथा मनोरञ्जनात्मक स्थलहरुको व्यवस्थापनमा नगरपालिकाको प्रत्यक्ष संलग्नताद्वारा गैरकर आम्दानी बढाइनेछ।

५. ढुंगा, गि,ट्टी बालुवा जस्ता नदीजन्य पदार्थको बिक्री वितरण, ठेक्का व्यवस्थापनमा संघीय वन सम्बन्धी कानूनले जटिलता उत्पन्न गरेको तथा अत्याधिक दोहनलाई निरुत्साहित गर्न वैकल्पिक पद्धतिको रुपमा नगरपालिका आफैले उत्खनन गरी बिक्री वितरण तथा उपयोग गर्ने नीति अवलम्बन गरिनेछ।

६. आन्तरिक आय व्यवस्थापन,प्राकृतिक स्रोत बिक्रि सम्बन्धि ऐन तथा नियमावली तर्जुमा गरी राजस्व परिचालनलाई थप व्यवस्थित तुल्याइनेछ।

७. प्रगतिशिल कर प्रणाली अवलम्बन गरी नागरिकहरु बिच रहेको असमानता न्यूनिकरण गर्दै लगिनेछ।

८. करदाताहरुको अभिलेख व्यवस्थापन सुदृढ गर्दै उत्कृष्ट करदाताहरुलाई पुरस्कृत तथा सम्मानित गर्ने नीति लिइनेछ।

९. करदाताहरुलाई आफुले तिर्नु पर्ने मोटामोटी कर दायित्व र कर तिर्ने समयसिमा समयमै जानकारी दिन निजहरुको सेल नम्बरमा विद्युतिय प्रणालीद्वारा सन्देश प्रावहित गर्ने नीति लिइनेछ।

१०. कर प्रशासनलाई सूचना प्रविधिमैत्री एवं करदातामैत्री तुल्याउदै लगिनेछ।

११. अव्यवस्थित वसोवासीहरुलाई लगाउदै आएको घरधुरी करलाई निरन्तरता दिइनेछ। घरको संरचना र प्रकृति अनुसार दरहरुको प्रगतिशिल पुनरावलोकन गरिनेछ।

१२. आर्थीक वर्ष २०७७/७८ को तिर्न बुझाउन बाँकी कर बक्यौता २०७९ कार्तिक मसान्त सम्म बुझाउन ल्याउने करदातालाई लाग्ने जरिवानामा ४५% छुट दिइनेछ।

१३. आवासिय क्षेत्रमा रहेका कवाडी व्यवसायहरुको व्यवस्थापनका लागि वस्ती क्षेत्र भन्दा बाहिर जग्गाको खोजी गरी कवाडी जोन क्षेत्रमा उक्त व्यवसायहरु संचालन गरिने व्यवस्था गरिनेछ।

अन्त्यमा यो नीति तथा कार्यक्रमको सफलतापूर्ण कार्यान्वयन हामी सबैको साझा कर्तव्य रहेको हुँदा सबैको साथ सहयोगको लागि अपिल गर्दै उपस्थित सबैलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु।

**धन्यवाद ! नमस्कार !! जय धरान !!!**